

# युमा साम्माङको कथा


Namoti Nembang

Nilam Bhurtel



Let's Read

The Asia Foundation




उहिले-उहिले केही थिएन । सर्वज्ञ ज्ञानी ईश्वर तागेरा निङ्वाफुमा माङले आकाश, ग्रह, नक्षत्र, घाम, जून अनि पृथ्वी सृष्टि गर्नुभयो । पृथ्वीलाई सुन्दर बनाउन पानी, हावा, आगो सृष्टि गर्नुभयो । फेरि बोट-बिरुवा, चरा, जनावर सृष्टि गर्नुभयो । पवित्र फाँटिलो मैदान सोधुङ मुनातेम्बेमा आफ्नो जस्तो रूपको लिम्बूहरूको पुर्खा सावायेत्हाङ मानिसजाति सृष्टि गर्नुभयो । अनि उहाँ आफू उत्पत्ति भएको निलो भूमि, आफ्नो निवास सोधुङ पोमु लेप्मु तेम्बे फर्कनुभयो र ध्यानमा बस्नुभयो ।



धेरै समय बित्यो । तागेरा निङ्वाफुमा माङ एक दिन ध्यानबाट उठ्नुभयो र सुन्दर पृथ्वी देखेर खुसी हुनुभयो । उहाँले आफ्नै रूपका मानिस सावायेत्हाङहरू के गर्दै होलान् भनेर सोच्नुभयो, ”...उनीहरू सुखमा छन् कि दुःखमा ? खानलाउन पुगेको छ कि छैन, भोकभोकै छन् कि ?” उहाँले मानिसहरूको हालखबर बुझ्न पृथ्वीमा जाने विचार गर्नुभयो ।

मानिसहरूले आफूलाई नचिनोस् भनेर उहाँले परमसुन्दरी युमा साम्माङको रूप लिनुभयो । उहाँले सुन र चाँदीका गहना लगाउनुभयो । चाँदीले गर्दा उहाँ निर्मल सेतो देखिनुभएको थियो, सुनले हल्का सुनौँलो-पहेँलो ! सुन-चाँदीको थुन्सेमा सुन-चाँदीकै

कपास, धागो र तानका सामान फादुरी, लरी, काइँयो, थोली (थुरी) बोक्नुभयो । कमरमा सुनकै खुर्मी भिर्नुभयो र सोधुङ मुनातेम्बे जानुभयो ।




अचम्म ! त्यहाँ सावायेत्हाङहरू थिएनन् । "कहाँ गए मेरा सन्तान?" उहाँलाई चिन्ता पऱ्यो ।

उहाँले देवीदेवताहरू अघि-पछि लाएर पृथ्वीको यताउता सावायेत्हाङहरू खोज्नुभयो । मुनातेम्बेबाट निलो सागर मिरिङ वारक तर्नुभयो, अनि रातो सागर हेम्बाङ वारक तर्नुभयो र सिन्युक लाजे (चीन देश) पुग्नुभयो । सावायेत्हाङहरू त्यहाँ पनि थिएनन् ।



फेरि पहाड-पर्वत, नदी-नाला, ताल-पोखरी नाघ्दै मुदेन लाजे (तिब्बत) पुग्नुभयो । त्यहाँ पनि उनीहरू थिएनन् । युमा साम्माङको रूप लिनुभएकी तागेरा निङ्वाफुमा माङको चिन्ता झन् बढ्यो, तर थकाइ पनि लागेको थियो । त्यसैले उहाँले मुदेन लाजेमा केही समय आराम गर्नुभयो ।



युमा साम्माङ फेरि हिउँको भयानक पर्वत नाघेर दक्षिण लाग्नुभयो । डाँडाकाँडा, पहाड-पहरा, ताल-कुण्ड नाघ्दै लिम्बूहरूको पुर्खाको बस्ती सावायेत्हाङ पाङ्भे पुग्नुभयो । त्यहाँ आफ्ना कान्छा सन्तान सावायेत्हाङहरूले बन-जङ्गल फाँडर बसोबास गरेको देख्नुभयो । उहाँ ढुक्क हुनुभयो ।



उहाँले मानिसहरूले आफूलाई चिन्न सक्छन् कि सक्दैनन् जाँच गर्ने इच्छा गर्नुभयो । सोच्नुभयो, "म आफूलाई चिनाउँदिन, केही चाल र सङ्केत दिन्छु ।" उहाँ तमोर र निभु (नुभु) खोलाको दोभानबाट उत्तर-पूर्व खोलाको मुहानतिर लाग्नुभयो । खोलाको किनार र बनको बिचमा माक्सिङ्वा भन्ने घमाइलो सुन्दर ठाउँ उहाँलाई मन पऱ्यो । उहाँ तान फिँजाएर त्यहाँ बस्नुभयो ।


त्यही बेला सावायेत्हाङहरूका माबोहाङ कुल-वंशका जयचित्रे र खरबले नामका दुई भाइ धनुकाँड भिरेर सिकार खेल्दै निभु खोलामा जाल हाल्दै माछा मार्दै आइपुगे । उनीहरूले जङ्गल नजिक खोला किनारमा सुन-चाँदीको गहना छपक्क लगाएकी परमसुन्दरीले सुन-चाँदीकै धागा टाँगेर सुन-चाँदीको

तान बुन्दैगरेकी देखे । दुई भाइ छक्क परे । अचम्ममा परेका उनीहरूलाई युमा साम्माङले सोध्नुभयो, ”कहाँबाट हो ? को पो हौ ?”



कुरा सुनेर दुई भाइलाई लाज लाग्यो । लजाउँदै खरबलेले सोध्यो, "आफू कहाँ बस्ने हौ नि ?" "म त याक्चाना घाटदेखि माथि डाँडामा बस्ने हुँ है ।" "बनभित्र कसरी बसेकी नि ! बाघ-भालुको डर लाग्दैन ?" "के गर्नु त एक्ली छु । तान फिँजाएर बुनिबस्छु । केहीले केही नि गर्दैन है ।" "त्यसो भए हामीसँग हाम्रो घर जाऔँ न । त्यहाँ ढुक्कले तान बुनिबस्नु नि ।"

मानिसहरूले आफूलाई नचिन्दा युमा साम्माङलाई नमज्जा लाग्यो । उहाँले भन्नुभयो, "तिम्रो घर होइन, मेरो घर हेर्ने मन भए जाऔँ । याक्चाना घाटपारि तमोरको पश्चिम डाँडामाथि छ । बरु तानको सामान बोक्न पो सघाओ न ।" जयचित्रे र खरबलेले तानका सामान बोके ।




साँझपख घर पुगे । युमा साम्माङले दुई भाइलाई थकाइ मार भन्नुभयो । आफू चाहिँ उनीहरू लाई सङ्केत दिन सिकुवामा तान टाँगेर साँझमा पनि बुन्न थाल्नुभयो । तानका सबै थोक सुन-चाँदीका थिए । चाँदीका धागा सिकुवादेखि तमोर नदीको पूर्वसम्म टाँगिएका थिए ।

दुई भाइका मन ताजुपमा थिए — यो कसरी भयो ? घर, सिकुवा, आँगन, कोठेबारी, फूलबारी कतै धुलोमुलो थिएन, सब सफासुग्घर ! यी सुन्दरी को हुन्, मनुष्य हुन् कि देवी ? उनीहरू लाई त्यहाँ बसिरहनु ठिक लागेन, चुपचाप उठेर आफ्नो घरतिर लागे ।



केही दिनपछि जयचित्रे र खरबलेको बाबु याङमुन्द्रेले छोराहरूलाई माछा मारेर ल्याउन अह्रायो । उनीहरू काँधमा धनु-काँढ र हातमा जाल लिएर कुकुरहरूका साथ बाटो लागे । अघिपछि लागिरहेका कुकुरहरू अलि पर एउटा ढुङ्गामाथि उक्ली भुक्न थाले । दुई भाइ त्यहाँ पुगेर हेर्दा सिवा खोला र निभु खोलाको दोभानमा एउटा सुनौलो मृग चरिरहेको देखे ।
दुई भाइ कुकुर सँगै कुद्दै दोभान पुग्दा त्यहाँ मृग थिएन, कुकुरहरू पनि बिलाए । मृग रहेको ठाउँमा सुन-चाँदीको तान बुनिरहेकी याक्चाना घाटमाथि बस्ने युवती पो थिई । दुइ भाइ नजिक गएर सोधे, "तिमीले यहाँ सुनको मृग र कुकुरहरू देख्यौ ?" युमा साम्माङले एकसुरमा तान बुन्दै देखिन भन्नुभयो । त्यहीँ भएको

मृग र त्यतै पुगेका कुकुर देखिन भनेको सुनेर दुई भाइ छक्क परे । उनीहरू ले भने, ”बाघ-भालु लाग्ने बनमा किन तान बुनिबसेकी ? माथि फाक्तेप गाउँमा हाम्रो घर छ । उतै जाऔँ, घरमा ढुक्कले तान बुनिबस्नु नि ।”



अझै आफूलाई नचिनेकोमा युमा साम्माङलाई दुख लाग्यो । गाउँमा गएर आफू चिनाउँछु भन्ने सोचेर भन्नुभयो, "लौ त तान उठाओ । म गाउँका तरुनीहरूलाई तान बुन्न सिकाइदिन्छु नि । "

दुई भाइले तान र तानका सामान बोके । तीनै जना बनको बाटो उक्ले । हराएका मृग र कुकुरको कुरा गर्दै दुई भाइ अघि-अघि लागे । कुरा सुन्दै मनमनै मुस्कुराउँदै पछि लागिरहेकी युमा साम्माङले भन्नुभयो, "पर्खँदै लैजाओ न, म हिँड्न सक्दिन ।" दुई भाइले उहाँलाई तानको धागो टाँग्ने मूलबाँस कुरुसिङमाथि राखी पालो पालो बोकेर पूर्व-पश्चिम फैलेको यासोक डाँडा उक्लँदै पूर्वतिर लागे । एक छिन भारी बिसाएर जिउ तन्काए ।

युमा साम्माङले उत्तर दिशा हेर्नुभयो, त्यता नाम्भुन यक पर्वत देखिन्थ्यो । सामुन्ने उत्तर-पूर्वतिर महाभारत पर्वतको उत्तर-दक्षिण फैलेको हाँगामा पूर्व-पश्चिम फैलेको सेहो नाम्लाङ डाँडाको उत्तरी पाखामा फात्तेप गाउँ थियो । दुई भाइले आफ्नो गाउँ औँलाले देखाए ।



थकाइ मरेपछि दुई भाइ फेरि युमा साम्माङलाई बोकेर बाटो लागे । तर कति खेर हो उहाँ अलप हुनुभयो, उनीहरू ले पत्तै पाएनन् । केही बेरपछि चाल पाए । अडेर यताउता खोजे, तर कतै भेट्टाउन सकेनन् र निरास भएर घरतिर लागे । साँझ अबेला उनीहरू घर पुगे ।


युमा साम्माङ दुई भाइ भन्दा पहिल्यै उनीहरू को घरमा पुगी सिकुवामा कुकुरहरूसँग खेल्दै बसिरहनुभएको थियो । दाजुभाइको आश्चर्यको सीमा रहेन, "तिमीलाई त हामीले बोकेर ल्याएका थियौँ, कसरी अघि नै यहाँ आइपुगियो?" "तिमीहरूलाई भोकतिर्खा लागेको होला, खाजा बनाइराखूँ भनेर अगाडि नै हतारिएर घर आएकी नि," युमा साम्माङले जवाफ दिनुभयो ।



दुई भाइले युवतीको लागि बारीको ठुलो सल्लाको रुख ढालेर एउटा खाट बनाइदिए । युमा साम्माङ खुसी हुनुभयो । उहाँले घर आफ्नै ठानी घरका सबै कामधन्दा सघाउनुभयो, घर सफासुग्धर राख्नुभयो । गाउँका तरुनीहरूलाई तान बुन्न सिकाउनुभयो । उहाँ आउनुभए पछि त्यो घरको र गाउँको अवस्था दिनदिनै राम्रो हुँदै गयो । अन्नपातले घर भरियो, गाउँमा सहकाल आयो ।


तर दुई भाइका जहानहरूले भने उहाँलाई सौता हुन आएकी भनेर आँखीडाही गरे । एक दिन देवीले यो कुरा थाहा पाउनुभयो । मन दुखाएर उहाँ सबैको सामुन्ने अलप हुनुभयो । जेठानी-देउरानी र घरका सबै जना छक्क परे । देवी अलप भए पछि गाउँमा सह हरायो, रोगव्याधी बढ्यो । मानिसहरूले जति काम

गरे पनि खान-लाउन धौ-धौ भयो ।



जयचित्रे र खरबले भने बेला-बेला सुन्दरी युवतीलाई सम्झन्थे र नरमाइलो मान्थे । नरमाइलो लागेको एक दिन मन भुलाउन उनीहरू निभु खोलामा माछा सिकार गर्न झरे । माक्सिङ्वामा युवती भेट हुन्छ कि भन्ने आशा उनीहरू को थियो । त्यहाँ पुग्दा घामले पोलेर बेसरी तिर्खा लागेकोले दुई भाइले खोलाको चिसो पानी अञ्जुलीले उघाउँदै पिए । अनि निभु खोलामा जाल हाल्न थाले ।

आफूलाई मानिसहरूले नचिनेकाले दिक्क भई युमा साम्माङले सोधुङ पोमु लेप्मु तेम्बे फर्कने विचार गर्नुभयो । तर एकपल्ट माबोहाङ दाजुभाइलाई माङ चिन्ने मौका दिने इच्छा गर्नुभयो ।



जालमा चाँदी झैँ टल्कने माछाका भुराहरू पर्न थाले । छिटै डेली (खोँगी) भरियो । पछिल्लो पटक जालमा एउटा बढेमा माछा पऱ्यो । माछा निकै उफ्रिरह्यो । उनीहरू ले त्यसलाई डेलीमा हाल्न सकेनन् । लोभले गर्दा माछालाई छोड्न पनि सकेनन् । दिक्क भएर खरबलेले खुकुरीको टुप्पोले माछालाई घोच्यो । चोट लागे पनि माछा उफ्रन छोडेन । अनि रिसले माछालाई ठुन्काएर तीन टुक्रा पाऱ्यो । तर माछाका टुक्राहरू उफ्रँदै जोडिएर जस्ताको त्यस्तै भयो । तीनपटक काटे, तीनैपटक जोडियो । अपशगुन हो कि दैवको खेल हो भनेर डराई उनीहरूले माङको पुकार गरे ।



माङको पुकार गर्ने बित्तिकै युमा साम्माङ प्रकट हुनुभयो र माबोहाङहरूलाई भन्नुभयो, ”हे मरणशील चोलाका मानिस जाति हो ! म तागेरा निङ्वाफुमा माङको अवतार युमा साम्माङ हुँ । मानिस जातिलाई सद्बुद्धि र ज्ञान दिन पृथ्वीलोकमा झरेकी छु, मान्छेको कल्याण गर्न, रक्षा गर्न आएकी हुँ । अफसोच ! अनेक चाल दिँदा पनि मलाई चिनेनौ । म तिमीहरूकै पुर्खा हुँ । म बज्यू हुँ । साँझ-बिहान तिमीहरूले उचित अनुकूल समयमा मेरो भक्ति गर्नु है ! यसो गऱ्यौ भने तिमीहरू सावायेत्हाङहरूको कल्याण हुने छ । तिमीहरूले निभु खोलाको माछाका भुरा घरमा लगेर मेरो पूजा-अनुष्ठान गर । पूजा गरिसकेर भुरा यही खोलामा ल्याएर छोडिदिनू । म आएर तिमीहरूलाई ज्ञान र सद्बुद्धि दिने छु, जग्गा-जमिन दिने छु । तिमीहरूका शत्रु नाश हुने छ सुख-

आनन्दले जीवन बिताउने छौ ।”





यसो भनेर युमा साम्माङ अलप हुनुभयो । बल्ल जयचित्रे र खरबलेले तागेरा निङ्वाफुमा माङको अवतार युमा साम्माङलाई चिने । त्यति बेलै उनीहरू को आङमा युमा साम्माङ चढ्नुभयो । देवत्वले युक्त ती दुई भाइ देववाणी बक्दै निभु खोलाबाट माछाका भुरा डेलीमा बोकेर साँझ घर पुगे र युमा साम्माङको अर्ति-उपदेश अनुसार पूजा गर्न बसे ।

दुई भाइले युमा साम्माङलाई सम्बोधन गरी उहाँको पूजा-अनुष्ठान गर्न बसे —

साम्म्याङ खेम्मे अम्लेङिदम्मे, > सुनको गहनाले सुनझैँ सुनौलो रूप भएकी,


युप्पाखेम्मे फरेङदिम्मे, > चाँदीका गहनाले चाँदीझैँ उज्यालो

निर्मल रूप भएकी,

थाक्थाक्कुम्मे माबोहाङमे, > तान बुनिरहने (सृष्टिरत) तिमी (सृष्टिकर्ता) माबोहाङ वंशमा अवतरण भएकी,

सुयेन्नुसुनु सुनुहाङमाए ।। > हे कल्याणकारिणी, दयाकी खानी मेरी करुणामयी बज्यू ।।

यसरी माबोहाङ (चेम्जोङ) वंशका जयचित्रे र खरबलेको नश्वर शरीरको माध्यम बनाएर युमा साम्माङको रूपमा ईश्वर तागेरा निङ्वाफुमा माङ पृथ्वीलोकमा अवतरण गर्नुभयो । त्यसैले सबै कुल-वंशका याक्थुङ (लिम्बू) जातिमा अरु देवदेवीभन्दा युमा साम्माङको स्थान उच्च छ । उहाँलाई ईश्वरीय शक्तिको प्रतीक मानिन्छ र उहाँलाई प्रमुख देवी मात्र होइन सर्वशक्तिमान्, सर्वव्यापी ईश्वर नै मानिन्छ ।



N
तमोर
महाभारत पर्वत
निभु खोला
यासोक डाँडा
फक्तेप

Brought to you by

The Asia Foundation

Let's Read is an initiative of The Asia Foundation's Books for Asia program that fosters young readers in Asia and the Pacific.
booksforasia.org
To read more books like this and get further information about this book, visit letsreadasia.org

**Original Story**
*युमा साम्माङको कथा*, Author: Namoti Nembang. Illustrator: Nilam Bhurtel. Published by The Asia Foundation - Let's Read, © The Asia Foundation - Let's Read. Released under CC BY-NC 4.0.

This work is a modified version of the original story. © The Asia Foundation, 2021. Some rights reserved. Released under CC BY-NC 4.0.

For full terms of use and attribution,
http://creativecommons.org/licenses/by-nc/4.0/